**माछापुच्छ्रे गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ (पहिलो संशोधन, २०७९)**

| क्र.सं. | दफा नं. | हालको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | ४(३)क. | शैक्षिक योग्यता वापत ६० (साठी) अंक, विशिष्ट श्रेणी वापत ६०, प्रथम श्रेणी वापत ५५, द्वितीय श्रेणी वापत ५०, तृतीय श्रेणी वापत ४५, (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा)। | १. प्रति प्रश्न १ अंकभार हुने गरी ५५ वटा वस्तुगत बहुवैकल्पिक प्रश्नहरु भएको ५५ पूर्णाङ्कको लिखित परीक्षा ५० मिनेट समय राखी सञ्चालन गर्ने।<br>२. शैक्षिक योग्यता वापत (१० (दश) अंक, (विशिष्ट श्रेणी वापत १०, प्रथम श्रेणी वापत ८, द्वितीय श्रेणी वापत ६, तृतीय श्रेणी वापत ४, (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा)। | हालको व्यवस्थामा कर्मचारी छनौटको लागि लिखित परीक्षाको व्यवस्था नभएकोले शैक्षिक योग्यता वापतको ६० अंकलाई १० अंक र कार्यानुभव वापतको १० अंकलाई ५ अंक कायम गरी ५५ अंकको लिखित परीक्षा सञ्चालन गर्न व्यवहारिक देखिएकोले। |
| २. | ४(३)ख. | कार्य अनुभव वापत (१० दश) अंक (प्रति वर्ष २ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने) । | कार्य अनुभव वापत ५ (पाँच) अंक<br>१. ६ महिना देखि १ वर्षसम्म - १ अंक<br>२. १ वर्ष देखि २ वर्षसम्म - २.५ अंक<br>३. २ वर्ष देखि माथि - ५ अंक | कार्य अनुभव वापतको अंक प्रति वर्ष २ अंकको दरले एकमुष्ट प्रदान गर्नु भन्दा निश्चित अवधिको कार्य अनुभव अनुसार अंक प्रदान गर्न व्यवहारिक देखिएकोले। |

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७९ भाद्र १८**

**प्रमाणीकरण मितिः २०७९ भाद्र २०**

**प्रमाणीकरण गर्ने पदाधिकारीः मिन बहादुर गुरुङ्ग, अध्यक्ष**